# मुक्तिनाथ दर्पण

## अर्धवार्षिक बुलेटिन

२०७७ आषाढ, वर्ष ९ अंक २ (डिजिटल अंक)





अटुट सम्बन्ध

Member of Global Alliance for Banking on Values

# मुक्तिनाथ विकास बैंक लि.

# MUKTINATH BIKAS BANK LTD.

"मेरो बैंक, तपाईको बैंक, हामी सबैंको बैंक"



# कोरोना भाइरस रोग (कोभिड-१९)

हाल विश्वभरी फैलिरहेको नयाँ कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई विश्व स्वास्थ्य संगठनले "कोभिड १९" को नाम दिएको छ र यसलाई विश्वव्यापी महामारीको रुपमा घोषणा गरीसकिएको छ ।

कोरोना भाइरस श्वाशप्रश्वाशको माध्यमबाट सर्ने रोग हो । यो संक्रमित व्यक्तिले खोक्दा वा हाछ्युँ गर्दा नाक वा मुखबाट निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ ।

## कोरोना भाइरस रोगको मुख्य लक्षणहरु



ज्वरो आउने



खोकि लाग्ने



श्वाश फेर्न गाह्रो हुने

**यस्ता लक्षणहरु देखा परेमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने ।**

**यस रोगको संक्रमणको जोखिमबाट बच्नको लागि निम्न उपायहरु अपनाउनुपर्छ ।**



ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने र मास्कको प्रयोग गर्ने



खोक्दा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने



भिडभाडमा नजाने र अरूलाई पनि नजान सुझाव दिने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने



बेलाबेलामा साबुन पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने




कोरोना प्रभावित देशबाट आएको व्यक्तिहरुमा माथिका लक्षणहरु देखिए स्वास्थ्य केन्द्रमा तुरुन्त जानुपर्दछ । घरैमा बस्दा परिवारका सदस्यहरूबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ ।

स्रोत: नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र

# वित्तीय साक्षरता : आवश्यकता र महत्व



✍ खगेन्द्र पुरी
*वीरेन्द्रनगर शाखा*

वित्तीय साक्षरता भनेको खासमा रुपैयाँ पैसा सम्बन्धी शिक्षा हो । हामीले पैसालाई दिगो रुपमा के कसरी, कहाँ, किन चलायमान गराउने भन्ने कुरा व्यवस्थित रुपले नबुझेकोले गर्दा हामीलाई अन्यौलता भइरहेको छ । आजको समयमा विकसित, समृद्ध र सन्तुष्ट भएका मुलुकहरु वित्तीय सचेतना, साक्षरता एवम् वित्तीय ज्ञानका कारणले नै त्यो अवस्थामा पुग्न धेरै मद्दत गरेको छ । त्यसैले हरेक मानिसहरुलाई वित्तीय साक्षरता हुनु आवश्यक रहेको कुरा पुष्टी हुन्छ। अहिले स्वीडेन, डेनमार्क जस्ता मुलुकका ७१ प्रतिशत भन्दा बढी जनता वित्तीय रुपमा साक्षर रहेका छन् । नेपालमा भने मुस्किलले १८ प्रतिशत जनतामा वित्तीय साक्षरता पुगेको छ । यसको मतलब १६ वर्षभन्दा माथि र ६० वर्षभन्दा कम उमेर समूहका १८ प्रतिशत नेपालीहरुमा मात्रै वित्तीय सचेतना रहेको छ । जब हामीले वित्तीय शिक्षाबारे बुझ्दैनौ, हामी धनी बन्न सक्दैनौं । वित्तीय सचेतना जति धेरै भयो मानिसले पैसालाई त्यति धेरै परिचालन गर्न सक्छन् ।

नेपालमा आज वित्तीय साक्षरताको अवस्था १८ प्रतिशत मात्रै छ, तर बैंकिङ्ग पहूँचको अवस्था झण्डै ६९ प्रतिशत पुग्न थालेको छ । खाता खोल्नुपर्छ भन्ने थाहा भयो त्यो बैंकिङ्ग पहूँच मात्रै हो । किनकि, खाता खोल्दैमा वित्तीय साक्षरता हुँदैन । वित्तीय साक्षरता भनेको पैसालाई बुझेर त्यसको सही रुपले परिचालन गर्नु हो । वित्तीय चेतना भएमा मानिसहरुले उद्यमशीलता सहजै गर्न सक्छन् । आजको समयमा बैंक तथा वित्तीय संस्थाहरु हरेक ठाउँमा पुग्नु आवश्यक छ । बैंकहरुको शाखा विस्तार भएर मात्रै पनि हुँदैन । हरेक नागरिकको बैंकिङ्ग गतिविधि बढ्नुपर्छ । बैंकमा रकम जम्मा गर्ने, उद्यम गर्नका लागि कर्जा निकाल्ने लगायतका कामहरु भइरहनुपर्छ । जस्तै, कुनै बैंक तथा वित्तीय संस्थामा जुम्लाको हरिले बैंकमा लगेर ५ लाख रुपैयाँ राखे र झापाको रिताले बैंकमा गएर ५ लाख कर्जाको रुपमा निकाले । यदि जुम्लाको हरिले पैसा नराखेको भए झापाको रिताले पैसा निकाल्न पाउदैनथिन् । एकातिर, हरिले बचतको ब्याज पाए, अर्कोतिर, रिताले बैंकलाई कर्जाको ब्याज तिरिन र बैंकले ब्याज हरिलाई दियो । बीचमा ३/४ प्रतिशत बैंकले नाफा राख्यो । यसरी बैंकले हुनेहरुसँगबाट पैसा लिएर आवश्यक हुनेहरुलाई उपलब्ध गराउने काम गर्दछ । यी सबै कुराको जानकारी लिनका लागि वित्तीय चेतनाको आवश्यकता पर्दछ । वित्तीय चेतना भएमा बैंक खाता खोल्ने, पैसा जम्मा गर्ने, र आफूलाई चाहिएको बेला मात्र होइन कर्जा चाहिएमा काम गर्छ भन्ने हिसाबले बैंकलाई फिर्ता हुनेगरी लिखित रुपमा एउटा निवेदन दिएर बैंकसँग सहकार्य गरेर देशमा भएका सबै मानिसहरुले उद्यमशीलता गर्न सक्दछन् । जस्तै, मसँग दुई लाख छ तर मलाई कुनै उद्यम गर्न १० लाख चाहिएको छ भने मैले बैंकबाट कर्जा लिन सक्छु । उक्त उद्यमबाट आर्जन गरेको रकमले विस्तारै बैंकको ऋण तिर्दै म मुनाफामा जान सक्छु । वित्तीय सचेतता हुनु भनेकै अर्थतन्त्र सम्बन्धी जानकारी राख्न पैसालाई परिचालन गर्न सिक्न, सिकाउन पैसाबाट धेरै पैसा आर्जन गर्नु हो । यसका लागि नेपाल राष्ट्र बैंक अन्तर्गत वाणिज्य बैंक, विकास बैंक, फाइनान्स कम्पनी र लघुवित्त संस्थाहरु गरी चार प्रकारका बैंक तथा वित्तीय संस्थाहरुले सेवा दिइरहेका छन् । राष्ट्र बैंकले यी बैंकहरुका विभिन्न काम, कर्तव्य र अधिकारहरु निर्धारण गरिदिएको छ । हरेक समुदाय, हरेक वर्गलाई र हरेक व्यक्तिलाई लक्षित गरेर यस्ता बैंक तथा वित्तीय संस्थाहरु खुलेका छन् । यसरी संचालनमा रहेका बैंकहरु, बैंकले दिने सेवा, ब्याजदर लगायतका विषयमा जानकारी लिनु पनि वित्तीय चेतनाको पाटो हो ।

अहिलेको लकडाउनले डिजिटल बैंकिङ्गको माग अत्याधिक बढाएको छ । तर, यसले फड्को मार्न भने बाँकी नै छ । २०७६ साल चैत्र मसान्तसम्मको नेपाल राष्ट्र बैंकको तथ्यांक भन्छ, क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थासँग जम्मा २ करोड ७२ लाख ३३ हजार खाता छन् । तर, मोबाइल बैंकिङ्ग सेवा लिने ग्राहक १ करोड ६७ लाख मात्रै छन् । डेबिट कार्ड सेवा लिने ग्राहक ७२ लाख ४३ हजार मात्रै छन् । इन्टरनेट बैंकिङ्ग सेवा लिने ग्राहक त झन् ९ लाख ९३ हजार मात्रै छन् । बैंकहरुले ग्राहकको खातामा रकम जम्मा गर्दा र झिकिंदा ग्राहकलाई मोबाइल बैंकिङ्ग मार्फत जानकारी दिनु पर्दछ । यो जोखिम न्यूनीकरणका लागि प्रयोग गरिने एउटा महत्वपूर्ण औजार हो । मोबाइल बैंकिङ्गबाट रकम निकालेको जानकारी ग्राहकको हातमा तुरुन्तै पुगेको कारणले गर्दा ठूलो बैंकिङ्ग जोखिमबाट बैंकहरु बच्न सफल भएका थिए । तर, मोबाइल बैंकिङ्ग सेवा लिने ग्राहक करिब आधा मात्रै हुनुले बैंकहरुले डिजिटल बैंकिङ्गका लागि धेरै काम गर्न बाँकी रहेको तर्फ प्रष्ट संकेत गर्छ । डेबिट कार्ड प्रयोग गर्ने ग्राहक मात्र एक चौथाई हुनुले पनि हामी डिजिटल बैंकिङ्गमा धेरै पछाडि रहेको देखाउँछ । कनेक्ट आइपीएस सेवाको थालनीले बैंकिङ्गलाई थप सहज बनाएको छ । तर, इन्टरनेट बैंकिङ्ग सेवा लिने ग्राहक नगन्य मात्रामा हुनुले अझै धेरै काम गर्न बाँकी छ भन्ने देखाउँछ । त्यसैले अबको प्राथमिकता डिजिटल बैंकिङ्गलाई दिनु पर्ने प्रष्ट देखिन्छ। डिजिटल बैंकिङ्ग सेवा लिने ग्राहक किन थोरै भन्ने कुरामा साक्षर नभएका व्यक्ति, फरक तरिकाले सक्षम व्यक्तिहरु (खासगरी दृष्टि समस्या भएकाहरु), साना नानी-बाबुहरु, लगायतको खाता छ यद्यपि अहिले बच्चाबच्चीका अभिभावकले मोबाइल बैंकिङ्ग सेवा लिन थालेको भए तापनि यस्ता ग्राहकलाई सामान्यतया डिजिटल बैंकिङ्ग सेवा प्रदान गरिँदैन । त्यस कारण पनि डिजिटल बैंकिङ्ग सेवा लिने ग्राहक थोरै छन् । नेपाल राष्ट्र बैंकले २०७७ असार मसान्तसम्ममा पुराना खाताहरु अद्यावधिक गर्ने कार्य सक्न बैंकहरुलाई २०७६ माघमै निर्देशन

दिएको थियो। तथापि, यो कार्य धेरै बैंकले अझ सम्पन्न गरिसकेका छैनन्। त्यसले गर्दा पनि पुराना ग्राहकहरुलाई डिजिटल बैंकिङ्गको दायरामा ल्याउन बैंकहरुले सकेका छैनन्। धेरैजसो बैंकहरुले व्यवहारिक रूपमा डिजिटल बैंकिङ्ग सेवा कसरी प्रयोग गर्ने भनेर ग्राहकलाई सिकाउँदैनन्। सैद्धान्तिक ज्ञानका आधारमा मात्र कतिपय साक्षर व्यक्तिहरुले पनि यस्ता सेवाको उपयोग गर्ने गरेका छैनन् । यस्तै यस्तै कारणले गर्दा डिजिटल बैंकिङ्गले आशातित फड्को मार्न सकेको छैन । डिजिटल बैंकिङ्गका लागि वित्तीय साक्षरता सम्बन्धी क्रियाकलाप समय सापेक्ष देखिँदैनन् । बचत गर्न र बैंक खाता खोल्ने कुरा बताउनु वित्तीय साक्षरता हो भन्ने भ्रमबाट पथ प्रदर्शित हुन जरुरी देखिन्छ। आज भन्दा १५/२० वर्ष अगाडि भए त्यो धारणालाई पनि ठीक मान्न सकिन्थ्यो । तर, अहिले परिस्थिति परिवर्तन भइसकेको छ। बैकिङ्ग सेवा डिजिटल युगमा प्रवेश गरेको छ। पहिले भन्दा कैयौं गुणा धेरै बैंकिङ्ग प्रोडक्ट र सेवा थपिएका छन्। यस्ले सुविधा मात्रै थपेको छैन, बैंकिङ्गमा सहजता पनि ल्याएको छ । तैपनि, यस्ता सेवा लिने ग्राहक किन बढेका छैनन् भन्ने प्रश्नको उत्तर खोजिनु पर्छ। र, यस्ता प्रोडक्ट र सेवाले जोखिम पनि बढाउँदै लगेका छन् भन्ने कुरा पनि बिर्सिनु हुँदैन । त्यसैले, अब बैंकिङ्ग प्रोडक्ट र सेवा कसरी संचालन गर्ने भन्ने कुरालाई बैंकिङ्ग साक्षरता कार्यक्रमको पाठ्यक्रममा समेटिनु पर्दछ। बैंकिङ्ग प्रोडक्ट र सेवाको प्रयोग गर्दा आउन सक्ने जोखिम कसरी न्यूनीकरण गर्ने भन्ने विषयवस्तु पनि त्यसमा समावेश गरिनु पर्छ । बैंकिङ्गका बारेमा थाहा नपाएकालाई बताउनु त छँदैछ, आफ्नै ग्राहकलाई पनि बैंकिङ्ग सेवा उपयोग गर्न र जोखिम न्यूनीकरण सिकाउनु पनि बैंकिङ्ग साक्षरताको एउटा अंग हो। त्यसैले वित्तीय साक्षरताको धारणामा नै परिवर्तन गर्न जरुरी भइसकेको छ । बैंकिङ्ग साक्षरता कार्यक्रम एउटा विद्यालयमा वा समुदायमा गएर गर्दैमा मात्रै पुग्दैन । एउटा गाउँमा गएर छोटो कार्यक्रम गर्दैमा पनि पर्याप्त हुँदैन । यसलाई बैंक भित्र र बाहिर दुवैतिर व्यापकता दिनु पर्छ । शाखा रहित बैंकिङ्ग, QR Code, POS machine, E-banking, Debit/Credit Card, Smart Mobile Banking, Fone Pay, Viber Banking, connect IPS, ECC आदि कसरी संचालन गर्ने भन्ने सम्बन्धमा ग्राहकलाई पत्र र बुकलेट दिएर मात्रै पुग्दैन। यस्ता सेवा कसरी प्रयोग गर्ने भनेर ग्राहकलाई व्यवहारिक र प्रयोगात्मक ज्ञान प्रदान गरिनु पर्छ। त्यसका लागि सकेसम्म सुरुवाती अवस्थामा छुट्टै कर्मचारीको व्यवस्था गर्नु पर्छ । नमूना कारोबार गर्नका लागि आवश्यक स्रोत र साधनको व्यवस्था पनि गरिनुपर्छ । त्यस्तो गर्न नसकिए ग्राहक सेवा विभागका कर्मचारीले व्यवहारिकरूपमा कारोबार गर्न लगाएर हेर्नुपर्छ। ग्राहकले अब सजिलै कारोबार गर्न सक्दछन्, जोखिम न्यूनीकरण गर्न सक्दछन् भन्ने कुराको सुनिश्चित गरिनु पर्छ । तब मात्रै डिजिटल बैंकिङ्गको प्रयोगमा व्यापकता आउँछ । डिजिटल बैंकिङ्ग सजिलै प्रयोग गर्न नजान्ने धेरै ग्राहकहरु छन् भन्ने कुरालाई हामीले भुल्नु हुँदैन। डिजिटल बैंकिङ्गले बैंकिङ्गमा सहजता त ल्याउँछ । तर, सँगसँगै उच्च जोखिम पनि लिएर आउँछ भन्ने वास्तविकतालाई पनि बिर्सिनु हुँदैन ।

यी सेवासँग सम्बन्धित जोखिम घटना नियमितरूपमा संकलन गरी रेकर्ड राख्नु पर्दछ । त्यसैको आधारमा विश्लेषण गरिनु पर्दछ । के कारणले गर्दा यस्ता घटना घटेका छन् भन्ने कुरा पत्ता लगाइनु पर्दछ। र, त्यसैको आधारमा स्रोतमै सच्याइनु पर्दछ। सोही अनुसार जोखिम न्यूनीकरण गर्ने औजारको पनि प्रयोग गरिनु पर्छ।

नेपाल जस्तो विकासोन्मुख राष्ट्रमा यस प्रविधिको अनुसरण गर्दै वित्तीय पहूँच र वित्तीय साक्षरतालाई अगाडी बढाउँदै डिजिटल बैकिङ्ग तीव्र रुपमा विकास तथा विस्तार गर्न निजि तथा सरकारी र सरोकारवालाको दुरदृष्टि जानु पर्दछ र वित्तीय जोखिम व्यवस्थापनको लागि पनि डिजिटल बैकिङ्ग ठूलो टेवा पुग्ने छ । त्यसको लागि आजैबाट वित्तीय पहूँच र वित्तीय साक्षरता मार्फत डिजिटल बैंकिङ्गको अतुलनीय फाइदाहरु नागरिकलाई नागरिककै घरबाट दिन नसकेमा हामी धेरै पछि पर्नेछौं ।

सन्दर्भ सामाग्री :

१. http://emap.nrb.org.np/
२. https://howmuch.net/articles/financial-literacy-around-the-world

हार्दिक शुभकामना



श्री श्यामसुन्दर शर्मा
संचालक

यस विकास बैंकको स्वतन्त्र संचालकमा चयन हुनु भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछौं ।

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
परिवार

# उद्यमशील हातहरू

## श्रेयनाको सुन्दरता

पर्वत जिल्ला, दुर्लुङ्ग गा.वि.स. ०८ स्थायी घर भै हाल विरौटा, पोखरामा व्यवसाय गर्दै आउनु भएकी सफल व्यवसायी हुनुहुन्छ, श्री दुर्गा कुमारी खवास । उहाँले हाल विरौटा, पोखरामा श्रेयना ब्युटी पार्लर नामक पार्लर सञ्चालन गर्दै आउनु भएको छ ।

उहाँको विगतलाई फर्केर हेर्दा, विपन्न परिवारको जेठी छोरीको रुपमा जन्मिनु भएकी दुर्गा उचित शिक्षा विना १७ वर्षको उमेरमा अन्तरजातिय विवाह गर्नुभएको थियो । विवाहको २ वर्षमा नै उहाँले छोरी जन्माउनु भयो । परिवारको आर्थिक अवस्था कमजोर भएकोले उहाँले पोखरामा ज्यामीको काम गरी दैनिकी चलाईराख्नु भएको थियो । २०६७ सालमा मुक्तिनाथ विकास बैंकमा सदस्यता लिई भैसीपालन शिर्षकमा विना धितो रु. २०,०००/- कर्जा लिई भैसीपालन व्यवसाय सञ्चालन गर्नुभयो । भैसीपालनबाट राम्रो आम्दानी हुन लागेपछि उहाँको श्रीमान् विदेश जानुभयो । श्रीमान् विदेश गएपछि एक्लै भैसीपालन व्यवसायलाई निरन्तरता दिन गाह्रो भएकोले २०७१ सालमा महेन्द्रपुल स्थित गुरुङ्ग हर्वल ब्युटी पार्लरमा ६ महिने ब्युटी पार्लर तालिम लिनुभयो । ६ महिने तालिम पश्चात मोनालिसा ब्युटी पार्लरमा उहाँले काम गर्न सुरु गर्नुभयो । उहाँले २०७१ सालमा मुक्तिनाथ विकास बैंकबाट विना धितो कर्जा लिई विरौटा, पोखरामा आफ्नै ब्युटीपार्लर सञ्चालन गर्नुभएको छ । विदेशमा कम्पनी विग्रिएकाले उहाँको श्रीमान् अहिले स्वदेशमै ड्राईभर पेशामा लाग्नुभएको छ ।

हालसम्म उहाँले विनाधितो कर्जा ३ पटक परिचालन गरी सक्नु भएको छ । सो रकमहरु सोही व्यवसायको विस्तार र स्तरोन्नतीमा लगानी गर्नुभएको छ । कुनै दिन ज्यामीको रुपमा काम गरी दैनिकी चलाउनु भएकी दुर्गा आज एक सफल व्यवसायी हुनुहुन्छ । मुक्तिनाथ विकास बैंकले प्रदान गर्ने विना धितो कर्जाले गर्दा नै उहाँको यो यात्रा सफल रहेको उहाँले बताउनु भयो । यही व्यवसायलाई नै थप सुदृढ गर्दै लैजाने योजना उहाँको रहेको छ ।




*प्रस्तुती: मित्रलाल ढकाल, घोरेपाटन शाखा*

## मेहनतको फल

भनिन्छ सघर्ष नै जीवन हो र सफलताको चाबी नै मेहनत हो । यस भनाईलाई सार्थक बनाएका छन विकट पहाडी जिल्ला गुल्मीमा बस्ने श्री छबिमाया थापा र श्री बोम बहादुर थापाको जोडीले । जिन्दगीमा जब कुनै कार्य गरिन्छ तब अनेक समस्याहरु आई




पर्छन् तर डटेर लाग्नेहरुको लागि ती समस्याले नयाँ अवसर हरुको सिर्जना गर्दो रहेछ । उमेरले ४० वर्ष पार गरेका ती दम्पत्ती गुल्मी जिल्लाको ठुलो लुम्पेक गा.वि.स. वडा नं. ३ लुम्पेकमा बस्दै आउनुभएको थियो तर हाल भने तानसेन नगरपालिका वडा नं. ५ बन्दीपोखरामा व्यवसायिक रुपमा तरकारी खेती गरेर आफूलाई एक सफल कृषि उद्यमीको रुपमा स्थापित गर्नु भएको छ । तर उहाँको सफलताको पछाडीको संर्घष पनि निकै लामो र कष्टकर रहेको छ । यातायात, सञ्चार, बिजुली, सिंचाई आदि जस्ता आधारभूत भौतिक सेवा सुविधाहरु नभएको ठाउँमा आफ्नै भूमिमा केही गर्नु पर्छ भनी सपना देख्नु भएका बोम बहादुर थापाले सुरुको दिनमा आफ्नै घरमा परम्परागत हिसाबले तरकारी खेती गर्दै जनतेन आफ्नो जिविकोपार्जन गर्दै आउनु भएको थियो । उहाँसंग केही नयाँ र केही फरक गर्ने चाहना त पहिला देखिनै थियो तर जे काम गर्दा पनि पैसाको समस्या हुने र गाउँमा पैसा ऋण तथा सापटी गर्दा पनि सजिलै नपाइने । जेनतेन साहू महाजनहरुको अगाडि हात खुट्टा जोडेर ऋण माग्यो, तिर्दा तिर्दा पनि सारा घरखेत नै साहूको कब्जामा जाने डर । उहाँले अनेक समस्याका बावजुद पनि आफ्नो पेशालाई केही आधुनिक र व्यावसायिक बनाउनको लागि रात दिन मेहनत

र परिश्रम गर्दै आउनु भएको थियो तर लगानीको अभावमा परिश्रमले मात्र केही नहुदो रहेछ । उहाँको यो यात्रामा सारथी बन्यो मुक्तिनाथ विकास बैंक लि. । मुक्तिनाथ विकास बैंक लि. शाखा कार्यालय रिडी, गुल्मीले आफ्नो सेवा तथा समूह बिस्तार गर्दै लुम्पेकको विकट पहाडी भागमा पुग्यो तब उहाँलाई पनि थाहा भएछ कि मुक्तिनाथ विकास बैंक लि. ले केही गर्छु भन्नेहरुका लागि विना धितोमा पनि सजिलै कर्जा उपलब्ध गराउँदो रहेछ । उहाँ समूह सदस्य बन्नको लागि आवश्यक कागज पत्रहरु संकलन गरेर समूहमा आवद्ध हुन आउनु भयो । उहाँ सदस्य बने पश्चात विनाधितो एक लाख कर्जा लिई तरकारी खेतीमा उपयोग गर्नु भयो । उहाँले त्यो एक लाख रुपैंयाले लुम्पेकमै खेतलाई भाडामा लिएर ३ ओटा टनेल बनाई व्यवसायीक तरकारी खेती गर्न सुरुवात गर्नु भयो । सुरुको दिनमा त व्यवसाय राम्रो चलेको र तरकारी बिक्री गर्न पनि केही बेर डोकोमा बोकेर हिँडेपछि गाडीको बाटोमा पुगिन्थ्यो र गाडीबाट रिडी रुद्रवेनिको बजारमा तरकारी बिक्री गरेर साँझ गोजी भरी पैसा लिएर घर फर्किनु हुन्थ्यो । यसरी नै उहाँले मेहनत अनुसारको फल पनि पाउनु भएकोमा मनमा हर्ष र उत्साह छाएको थियो । तर २०७६ साल श्रावण महिनामा अचानक आएको बाढी, पहिरोले उहाँको सम्पूर्ण सपनाहरु सँगै टनेल तथा खेत समेत बगाइ लग्यो । उहाँ माथि आकाशबाट इन्द्रले बज्रपात गरिदिए । खेत तथा बारीमा तयार भएको सम्पूर्ण तरकारी तथा टमाटरहरु बजारसम्म पुऱ्याउन नसकेर बोटमै कुहिएर गए । यातायात तथा बिजुली लामो समयको लागि बन्द भयो भने सिंचाइको कुलो सदाका लागी बगाइदियो र उक्त बिनासकारी पहिरोमा परी गाउँमा ८ जनाले ज्यान गुमाए र गाउँमा बस्नको लागि समेत खतरा भयो । पहिरोले उहाँको उत्साह भताभुङ्ग पारिदियो र उहाँलाई अब के गर्ने हो ? कसो गर्ने हो ? भन्ने पिरले भोक प्यास निन्द्रा सम्पूर्ण हरायो । तर, चिन्ता समाधान होइन । अब सम्हालिनु पर्दछ भन्ने सोचले फेरि सुरु गर्नु पर्दछ भन्ने अठोट लिई घर छाडेर तानसेनको बन्दीपोखरामा करिव २० रोपनी बाँझो जग्गा भाडामा लिई मुक्तिनाथ विकास बैंकबाट पुन: विनाधितो कर्जा दुई लाख रुपैयाँ लिएर १ ओटा टनेल निमार्ण र १ ओटा भैंसी खरीद गरी पुन: कृषि पेशामा संचालन गरेको व्यवसाय आजको दिन सम्म आई पुग्दा करिब २५ रोपनी जग्गामा ७ओटा टनेल निमार्ण गरी टमाटर, बन्दा, काउली खेती तथा ३ ओटा भैंसी र २ ओटा गाई पालन गर्नु भएको छ । दैनिक ३० लिटर दुध बिक्री गर्दै आउनु भएको छ । छबिमाया थापाको जोडीले मासिक रुपमा करिब रु. ६०,०००/- सम्म आम्दानी गर्दै आउनु भएको छ ।

*प्रस्तुती: लवसुदन सिंह अनुगमन कार्यालय, बुटवल*


# डिजिटल सेवा





विश्वव्यापीरुपमा फैलिएको कोरोना भाईरस (COVID19) ले सबै व्यवसायलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा असर गरिरहेको छ। यस अवस्थामा बैंकिङ्ग कारोबारमा पनि असर परेको छ । बैंकहरुले भौतिक दुरीलाई कायम गर्न डिजिटल प्रविधिमा केन्द्रित रहेका छन् । QR Code, Mobile Banking, E-banking, Online Account Opening, Online Fixed Deposit Application जस्ता बैंकिङ्ग कारोबारका माध्यमलाई बैंकले पहिलो प्राथमिकतामा राखि सेवा प्रदान गरेको छ । QR Code स्क्यान गरेर सजिलै रकम तिर्न मिल्ने QR Code को प्रयोगकर्ता उल्लेखनीय रहे को छ । मुक्तिनाथ विकास बैंकको Mobile Banking App को प्रयोगकर्ता पनि धेरै रहेको छ । २०७६ फागुन महिनामा “Mobile Banking Leader of the Month” को रुपमा Fone Pay ले यस विकास बैंकलाई पुरस्कृत गरेको थियो । मुक्तिनाथ विकास बैंकको Mobile Banking Application "Mobile Smart " बाट अन्य बैंकको खातामा मोवाइल नम्बरबाट पनि पैसा पठाउन सकिन्छ । E-banking बाट Electronically पैसा Transfer गर्न मिल्छ । बैंकले ग्राहक बैंकमा आउन नपर्ने गरी Online Account Opening सेवा सञ्चालन गरेको छ । Online Account Opening को लागि बैंकको Website मा रहेको “Open an Account” Button मा Click गरी कुनै एक खाता चयन गरी आवश्यक कागजातहरू अपलोड गर्नुपर्नेछ । त्यसैगरी घरबाटै Online Fixed Deposit पनि Apply गर्न सकिन्छ । Online Fixed Deposit को लागि बैंकको Website मा रहेको “Online Fixed Deposit” Button मा Click गरी कुनै एक खाता छनौट गरी आवश्यक कागजातहरू अपलोड गर्नुगर्नेछ । बैंकको ग्राहकले VISA Network अन्तर्गतका जुन सुकै बैंकको ATM बाट विना शुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ ।

# Online खाता खोल्ने तरिका


» बैंकको वेवसाइट **www.muktinathbank.com.np** मा जाने, यस पेजको Online Application सेक्सनमा Click गर्नुहोस् , option मा Online Account Opening Click गर्नुहोस् । यसपेजमा बैंकका विभिन्न बचत खाताहरुको विवरण हुनेछन् । आफूलाई उपयुक्त लाग्ने बचत खाता छनौट गरी Apply Now बटनमा Click गर्नुहोस् ।









» Apply Now बटनमा Click गरिसकेपछि तपाईलाई विवरणहरु भर्न दिइनेछ, सो विवरणहरु भरेर Proceed to Account Opening Form मा Click गर्नुहोस् ।


» Validate गर्नका लागि Enter OTP Code मा Click गरेर आफ्नो इमेलमा आएको OTP Code राख्नुहोस् ।







» अब व्यक्तिगत विवरणहरु, आफ्नो कागजातहरु, लोकेसन विवरण साथै निर्देशन दिइएको अनुसार पूर्ण रुपमा भरेर Save गर्नुहोस् ।






» अब आफ्नो इमेल खोल्नुहोस् र इमेलमा आएको Link लाई Click गरेर आफ्नो Form बुझाउने प्रक्रिया पुरा गर्नुहोस् ।




» Form बुझाइसके पछि, तपाईलाई Screen मा Form Submitted भन्ने मेसेज आउने छ र इमेल मार्फत पनि सूचना आउने छ । कृपया आफ्नो इमेल खोली Check गर्नुहोस् ।



# साहित्य

## फर्क युवा आफ्नै गाउँ



**संगिता ढकाल आचार्य**
केन्द्रीय कार्यालय, कमलादी

कोही भन्छन् कोरोना त कोही भन्छन् कोभिड
देख्दै डर लाग्न थाल्यो आफ्नैसंगको भिड

न त आफ्ना भेट्न पाउनु नत कतै जान पाउनु
रोग भन्दा भोक ठूलो बन्यो अब के नै खानु ??

गाउँमा खेत बाँझै छन् है घरहरु बृद्धाश्रम
शहरमा बसी सबै भन्दैछन् खानै के खाम ?

फर्क अब युवाहरु आफ्नै गाउँको चौपारीमा
फर्क अब युवाहरु आफ्नै गाउँको खेतबारीमा

मोल्यौ भने आफ्नै बारी भोकै मर्न पर्ने छैन
कृषि प्रधान हाम्रो देश हो खाना आयात गर्नु छैन

आत्म निर्भर बन्न सके केबल हामी खाद्यान्नमा
विदेशिनु पर्ने छैन कोही पनि बाध्यतामा

जन्मिएको आफ्नो घरको भित्ताहरु पोत्नलाई
खेलेका ती गराहरु तिम्रै हातले जोत्नलाई

बृद्धाश्रम भएका ती घरका छाना छाउनलाई
फर्क युवा अब फेरी समृद्धिको गीत गाउनलाई ॥



## गजल




(१)
उनी मिलाउँछिन् नजर, र पो मज्जा लाग्छ ।
बस्छिन् मसँगै अक्सर, र पो मज्जा लाग्छ ।
म तिम्रो याद बिर्साउन, नशाको सहारा लिन्न
बरु बनिदिन्छु पत्थर, र पो मज्जा लाग्छ ।
उनको कुरा टार्न, साहस जुटाउन सक्दिन
चुपचाप दिन्छु उत्तर, र पो मज्जा लाग्छ ।
घामले पालो दिन्छ, जूनलाई रातैभरी
तिमीले सुम्पिन्छौ अधर, र पो मज्जा लाग्छ ।
लछार्दै पछार्दै नदी, खुसीले बगिरहन्छ
चोटै चोट सहन्छ बगर, र पो मज्जा लाग्छ ।

(२)
ऊ धनको मोह बोकेर, परदेश गएछ ।
देशको हालत देखेर, परदेश गएछ ।
घर चलाउने जोहो, स्वदेशमा देखेन
बाबुआमालाई ढोगेर, परदेश गएछ ।
तँलाई ठूलो बनाउने, भएर फर्किन्छु
भन्दै छोरालाई सम्झाएर, परदेश गएछ ।
सोच्दैथ्यो बा-आमाले, कहिल्यै सुख पाएनन्
टिलपिल आँशु पुछेर, परदेश गएछ ।
सुखदु:ख गरेर, जीवन चलेकै थियो
अहिले घरखेत बेचेर, परदेश गएछ ।

**विवेक सापकोटा**, कुश्मा शाखा, पर्वत

## मुक्तिनाथको सेवा



गरिबदेखि धनीसम्म गाउँदेखि शहरसम्म ।
मुक्तिनाथको सेवा कस्तो अचम्म............... ।

विना धितोमा कर्जा पाईने, धितोमा पनि पाईने ।
त्यही भएर मुक्तिनाथको सेवा सबैलाई चाहिने ।

जनता बैंकमा होईन, बैंक जनतामा जानु पर्दछ

भन्ने छ मुक्तिनाथको नारा ...................।
गरिब दु:खी निमुखालाई दिन्छ यसले सहारा ।

मुक्तिनाथ पुगेको छ जनताको घर घरमा ।
दिन्छ यसले कर्जा जुनसुकै सस्तो ब्याज दरमा ।

गरिब जनता निमुखाको भएको छ साथी ।
त्यसैले त पुगेको छ मुक्तिनाथ सबै भन्दा माथि ।

जनतालाई सिकाईएको छ बचत गर्न पैसा ।
साच्चै हाम्रो असल साथी मक्तिनाथ नै रैछ ।

**सुरज अर्याल**, पृथ्वीचोक शाखा, कास्की

## गजल



थोत्रे चोली टालिटाली लगाउने मेरी आमा हुन्
बेसी र मेलापात धाउने मेरी आमा हुन् ।
भोक प्यास छैन उनलाई कति पनि मतलव
उकाली ओरालीमा सुसाउने मेरी आमा हुन् ।
खै कसरी भूल्न सक्छु उनको चोखो प्यारलाई
नाकको फुली बेची मलाई बचाउने मेरी आमा हुन् ।
गलत बाटो नलाग्नु है सँधै रुन्छु भन्छिन्
शिक्षा दिक्षा दिदै उज्यालो मार्गमा ल्याउने मेरी आमा हुन् ।

**लिलनाथ अधिकारी (कपिल)**, कटारी शाखा, उदयपुर

# संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम

नेपाल सरकारले लागु गरेको देशव्यापी बन्दाबन्दीको कारणबाट प्रभावित विपन्न, दैनिक ज्यालादारीमा काम गर्ने तथा आर्थिक अवस्था कमजोर भएका परिवारहरुलाई मुक्तिनाथ विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत देशको विभिन्न स्थानहरुमा राहत सामाग्री वितरण गरेको छ ।



दाङ, घोराही उप-महानगरपालिकाको फुड बैंकमा खाद्यान्न सहयोग



चिकित्सक संघ, जनकपुरलाई स्वास्थ्यकर्मीहरुको लागि स्वास्थ्य सामग्री खरिद गर्न सहयोग




सल्यान, श्रीनगरको क्षत्रेश्वरी गाउँपालिका र शारदा नगरपालिकामा राहत सहयोग




कैलाली, धनगढी उप-महानगरपालिकामा राहत सामाग्री सहयोग




दाङ, तुल्सीपुर उपमहानगरपालिकाको फुड बैंकमा खाद्यान्न सहयोग




काठमाडौं, टोखा नगरपालिका, धापासीमा राहत सहयोग



सुर्खेत, विरेन्द्रनगरमा खाद्य सामग्री हस्तान्तरण



झापा, सहारा नेपाल (साकोस) विर्तामोडले सञ्चालन गरेको "एकका लागि एक अभियान" मा सहयोग

# तालिम तथा गोष्ठी

## कर्मचारी तालिम तथा गोष्ठी

मुक्तिनाथ विकास बैंकले कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले विभिन्न समयमा विभिन्न किसिमका तालिम तथा गोष्ठीमा कर्मचारीहरुलाई सहभागी गराउँदै आएको छ । २०७६ माघ देखि २०७७ आषाढ मसान्तसम्म गरिएका मुख्य कार्यक्रमहरु यस प्रकार रहेका छन् ।

१. National Banking Institute ले २०७६ साल माघ ६ गते काठमाडौंमा आयोजना गरेको **"HR Forum"** मा सिकाई तथा तालिम विभागकी श्री सचिता कपाली सहभागी हुनुभएको थियो ।

२. Banking Finance and Insurance Institute of Nepal ले २०७६ साल माघ १० र ११ गते विराटनगरमा आयोजना गरेको **"Credit Management"** तालिममा आधुनिक बैंकिङ्ग तर्फ कार्यरत ३ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

३. मुक्तिनाथ विकास बैंकले २०७६ माघ ११ गते जनकपुरमा आयोजना गरेको **"Credit and Recovery Management"** तालिममा आधुनिक बैंकिङ्ग तर्फ कार्यरत ३४ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

४. **Success Vidhi** ले २०७६ साल माघ ११ गते काठमाडौं मा आयोजना गरेको **"You can win Leadership Workshop"** मा सहायक प्रमुख कार्यकारी अधिकृत श्री गोविन्द बहादुर राउत सहभागी हुनुभएको थियो ।

५. **National Banking Institute/DBAN** ले २०७६ साल माघ १८ गते नेपालगन्जमा आयोजना गरेको **"Branch Management"** तालिममा आधुनिक बैंकिङ्ग तर्फ कार्यरत ३ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

६. निक्षेप तथा कर्जा सुरक्षण कोषले २०७६ माघ २४ गते भरतपुर मा आयोजना गरेको "पशुधन कर्जा सुरक्षण" तालिममा आधुनिक बैंकिङ्ग तर्फ कार्यरत ३ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

७. **Shrawan Kumar Support Pvt. Ltd.** ले २०७६ माघ २४ र २५ गते काठमाडौंमा आयोजना गरेको **"Practical Training Program on Collateral Management & Verification"** तालिममा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत श्री इन्द्रबहादुर बलामी र श्री रिता घिमिरे सहभागी हुनुभएको थियो ।



८. **Nepal Clearing House Ltd. (NCHL)** ले २०७६ माघ २३ गते विरेन्द्रनगरमा आयोजना गरेको **"NCHL's Systems Orientation and Training"** मा आधुनिक बैंकिङ्ग तर्फका श्री खम्ब प्रसाद जैसी सहभागी हुनुभएको थियो ।

९. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन १ र २ गते पोखरामा आयोजना गरेको **"Banking Sales"** तालिममा आधुनिक बैंकिङ्ग तर्फ कार्यरत ६३ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

१०. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन १ गते इटहरीमा आयोजना गरेको **"SMB Operation and Customer Service"** तालिममा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत ३६ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

११. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन २ गते इटहरीमा आयोजना गरेको **"Credit and Recovery Management"** तालिममा आधुनिक बैंकिङ्ग तर्फ कार्यरत ३९ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

१२. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन २ गते नेपालगन्जमा आयोजना गरेको **"SMB Operation and Customer Service"** तालिममा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत ३९ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

१३. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन ३ गते जनकपुरमा आयोजना गरेको **"SMB Operation and Customer Service"** तालिममा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत ३० जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

१४. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन ३ गते बुटवलमा आयोजना गरेको **"SMB Operation and Customer Service"** तालिममा साना तथा लघुबैकिङ्ग

तर्फ कार्यरत ७२ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

१६. Nepal Clearing House Ltd. (NCHL) ले २०७६ फागुन २ गते काठमाण्डौमा आयोजना गरेको **“Connect RTGS Integration”** तालिममा आधुनिक बैंकिङ्ग तर्फ कार्यरत श्री सुवास ढकाल र श्री प्रविन सुवेदी सहभागी हुनुभएको थियो ।

१७. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन ६ गते बयरघारीमा आयोजना गरेको **“SMB Operation and Customer Service”** तालिममा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत २१ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

१८. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन ७ गते दुलेगौडामा आयोजना गरेको **“SMB Operation and Customer Service”** तालिममा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत १९ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

१९. **Real Solutions** ले २०७६ फागुन ७ गते ललितपुरमा आयोजना गरेको **“Information Security & Risk Management Training”** मा सूचना तथा प्रविधि विभागका श्री अशोक लम्साल सहभागी हुनुभएको थियो ।

२०. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन ८ गते ललितपुरमा आयोजना गरेको **“PCI DSS Awareness”** तालिममा डिजिटल बैंकिङ्ग विभागकी श्री मोनिका न्यौपाने सहभागी हुनुभएको थियो ।

२१. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन ८ गते बुटवलमा आयोजना गरेको **“Credit and Recovery Management”** तालिममा आधुनिक बैंकिङ्ग तर्फ कार्यरत ४३ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

२२. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन ८ गते पोखरामा आयोजना गरेको **“Training of Trainers (Centre Management and Financial Awareness)”** तालिममा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत २३ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

२३. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन ९ र १० गते पोखरामा आयोजना गरेको **“SMB Operation and Customer Service"** तालिममा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत १०१ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

२४. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन ९ गते नारायणघाटमा आयोजना गरेको **"Training of Trainers (Centre Mangement and Financial Awareness)"** तालिममा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत १९ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

२५. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन १० गते नारायणघाटमा आयोजना गरेको **"SMB Operation and Customer Service"** तालिममा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत ३५ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

२६. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन १० गते काठमाडौंमा आयोजना गरेको **"Operation Risk Related Training"** मा आधुनिक बैंकिङ्ग तर्फ कार्यरत ४८ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

२७. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन १२ गते पोखरामा आयोजना गरेको **"Master Class on Bank Smart"** तालिममा आधुनिक बैंकिङ्ग तर्फ कार्यरत १३ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

२८. मुक्तिनाथ विकास बैंकले २०७६ फागुन १७ गते नेपालगन्ज आयोजना गरेको **"Credit and Recovery Management"** तालिममा आधुनिक बैंकिङ्ग तर्फ कार्यरत ३८ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

२९. **Independent Research & Investment Co. Pvt. Ltd.** ले २०७६ फागुन १७ गते जनकपुरमा आयोजना गरेको **"Collateral/Mortgage Security Management"** तालिममा आधुनिक बैंकिङ्ग तर्फ कार्यरत ४ जना र साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत २ जना गरी जम्मा ६ जना कर्मचारीहरु सहभागी हुनुभएको थियो ।



३०. **Shrawan Kumar Support Pvt. Ltd.** ले मिति २०७६ फागुन २३ र २४ गते लाहानमा आयोजना गरेको **"Practical Training on Credit Administration, Recovery & Collateral Verification"** तालिममा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत श्री सुरेश खत्री तथा श्री दिपक बहादुर मगर सहभागी हुनुभएको थियो ।

३१. **Development Bankers Association** ले २०७६ फागुन ३० गते काठमाडौंमा आयोजना गरेको **"Interaction Program-DBAN"** मा बैंकका सहायक नायव प्रमुख कार्यकारी अधिकृत श्री तिल बहादुर गुरुङ्ग सहभागी हुनुभएको थियो ।

३२. कोरोना भाईरस **(COVID-19)** ले गर्दा भएको बन्दाबन्दीमा विभिन्न शिर्षकहरुमा अनलाईन तालिम सञ्चालन गरिएको थियो । बैंकले **Operational Risk, Account Management, Credit and Customer Relationship Management** जस्ता शिर्षकहरूमा कुल २७० ओटा अनलाईन तालिमहरू सञ्चालन गरेको थियो ।

## वित्तीय साक्षरता कार्यक्रम

मुक्तिनाथ विकास बैंक लि.ले "आजको आवश्यकता, विद्यार्थीहरुमा वित्तीय साक्षरता" भन्ने मूल आशयले विगत ७ वर्ष देखि निरन्तर विभिन्न स्थानहरुमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गर्दै आएकोछ । वित्तीय साक्षरता कार्यक्रमबाट वित्तीय कारोबार बारे चेतना जगाउने, भविष्यको योजना, सुरक्षित बचत, कर्जा तथा विप्रेषणबाट प्राप्त रकमको उत्पादनमूलक लगानी, पारिवारिक बजेट तथा योजना, जोखिम न्यूनीकरणको लागि बीमाको प्रयोग,सफा नोट सभ्यताको प्रतिक, बैंक तथा वित्तीय संस्थाहरुको प्रकार लगायतको विषयमा वित्तीय चेतना अभिबृद्धि गराउने गर्दै आएको छ । हालसम्म बैंकले सञ्चालन गरेको वित्तीय साक्षरता कार्यक्रममा ४५,७०० जना स्थानीय र विद्यार्थीहरु सहभागी भैसकेका छन् । यो कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिइने छ ।



# हाम्रो सहकार्य

यस विकास बैंकले विभिन्न संस्थाहरुसँग सहकार्य गरी आफ्ना ग्राहकहरुलाई थप सेवा, सुविधा र लाभ प्रदान गर्दै आइरहेको छ। बैंकले विभिन्न व्यवसायिक संस्थाहरुसँग सहकार्य गरी ग्राहकहरुलाई विशेष छुटमा सेवा तथा सुविधा उपलब्ध गराउने ब्यवस्था गरेको छ।

**ग्राहकहरुलाई विशेष छुट**

| क.सं. | अस्पताल तथा ल्याव | ठेगाना | छुट % सम्म |
|---|---|---|---|
| १ | काठमाडौं नेचुरोप्याथी हस्पिटल | टोखा, काठमाडौं | १५ |
| २ | NEPMEDS प्रा.लि. | गुहेश्वरी, काठमाडौं | १० |
| ३ | ब्लु क्रस हस्पिटल | त्रिपुरेश्वर, काठमाडौं | १० |
| ४ | इजि केयर प्रा.लि. | काठमाडौं | १२ |
| ५ | ओम समाज डेण्टल हस्पिटल | चावहिल काठमाडौं | १५ |
| ६ | चिरायु नेशनल हस्पिटल | रिङ्गरोड, काठमाडौं | १५ |
| ७ | ग्राण्डी इन्टरनेसनल हस्पिटल | टोखा, काडमाडौं | ७.५ |
| ८ | टेस्ला डाग्नोस्टिक क्लिनिक प्रा.लि. | वालुवाटार, काठमाडौं | १० |
| ९ | सुमेरु सिटि हस्पिटल | पुल्चोक, ललितपुर | १० |
| **क.सं.** | **स्कुल** | **ठेगाना** | **छुट % सम्म** |
| १. | ग्रिन पिस सेकेण्डरी स्कुल | कोहलपुर, बाँके | २५ |
| **क.सं.** | **होटेल / रिसोर्ट** | **ठेगाना** | **छुट % सम्म** |
| १. | डिलाईट कर्नर द फेमेली रेस्टुरेष्ट प्रा.लि. | तुल्सिपुर,दाङ | २० |
| २. | कृष्णसार रिसोट प्रा.लि. | बर्दिया | २० |
| ३. | पार्क फुड क्याफे एण्ड रेस्टुरेन्ड प्रा.लि. | तुल्सिपुर,दाङ | १० |
| ४. | भिङग्रेली भ्यालि रिसोर्ट | दाङ | १० |
| ५. | सिद्धार्थ ग्रुप अफ हस्पिटालिटी | तिनकुने, काठमाडौं | १० |
| ६. | बाजेको सेकुवा | गैरीधारा, काठमाडौं | १० |
| ७. | होटल ए.एन. प्लाजा | चन्द्रपुर, रौतहट | १५ |
| ८. | ट्राङ्क्वीलिटि स्पा | ठमेल, काठमाडौं | ३० |
| **क.सं.** | **सपिङ सेन्टर** | **ठेगाना** | **छुट % सम्म** |
| १. | अल्मा आर्ट (घडी कम्पनी) | महाराजगंज, काठमाडौं | १० |
| **क.सं.** | **इन्टेरियर** | **ठेगाना** | **छुट % सम्म** |
| १. | हाउस अफ इन्टेरियरस् | सुकेधारा, काठमाडौं | १० |
| **क.सं.** | **गहना पसल** | **ठेगाना** | **छुट % सम्म** |
| १. | देव कर्नर ज्वेलरी | काठमाडौं | ३० |

**सम्झौता**

| क.सं. | गैर-सरकारी संस्था | ठेगाना |
|---|---|---|
| १. | Mott MacDonald | पाटन, ललितपुर |
| २. | Avsar Foundation | काठमाडौं |

# हाम्रो शाखा सञ्जालहरु

(२०७७ आषाढ मसान्तसम्म)




■ शाखा रहेका जिल्लाहरु

| प्रदेशगत शाखा संख्या | |
|---|---|
| प्रदेश नं. १ | १५ |
| प्रदेश नं. २ | ९ |
| बागमती प्रदेश | ४५ |
| गण्डकी प्रदेश | ४१ |
| प्रदेश नं. ५ | २० |
| कर्णाली प्रदेश | ४ |
| सुदूरपश्चिम प्रदेश | ३ |
| जम्मा | १३७ |

मुक्तिनाथ दर्पणमा लेख, रचना, प्रकाशन गर्नका लागि कर्पोरेट अफेयर्स विभाग हार्दिक स्वागत गर्दछ । यहाँको थप सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।


**प्रमुख सल्लाहकार: श्री प्रद्युमन पोखरेल**

सल्लाहकार: श्री समिर शेखर बज्राचार्य/श्री तिल बहादुर गुरूङ्
प्रमुख सम्पादक: श्री गोविन्द बहादुर राउत
सम्पादक/संकलन: श्री विपना हमाल



**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

**केन्द्रीय कार्यालय:** काठमाडौं प्लाजा, कमलादी काठमाडौं
टोल फ्रि नं. १६६००१४९९९९, फ्याक्स: ०१-४१६८८८४
ईमेल: info@muktinathbank.com.np
वेबसाइट: www.muktinathbank.com.np